जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ९ • अंक ३६२ • २०७९ कार्तिक ४ गते शुक्रवार • 21 Oct. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरी क्षेत्र- २ मा लोकतान्त्रिक समाजवादी पार्टीबाट भण्डारी चुनावी मैदानमा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ कार्तिक**

मधेस प्रदेशका चर्चित नेता शरदसिंह भण्डारी अहिले महोत्तरी क्षेत्र- २ मा लोकतान्त्रिक समाजवादी पार्टीबाट चुनावी मैदानमा छन् । २०७४ सालको निर्वाचनमा समेत यही क्षेत्रबाट भारी मतले विजयी भएका भण्डारीले अहिले पनि यही क्षेत्रलाई सुरक्षित देखेका छन्।



सत्ता गठबन्धन दल जनता समाजवादी पार्टी ५ दलबाट बाहिरिएपछि लोसपाको प्रवेश भएसँगै भागबन्डाअनुसार भण्डारी साझा उम्मेदवार पनि हुन् । यसैले पनि निर्वाचनमा आफ्नो कोही पनि प्रतिस्पर्धी नभएको उनको दाबी छ। २०२८ सालदेखि सक्रिय राजनीति गर्दै आएका लोसपाका वरिष्ठ नेता भण्डारी २०३८ सालमा भएको राष्ट्रिय पञ्चायत निर्वाचनमा पहिलो पटक विजयी भएका थिए । २०३८ सालदेखि हरेक संसदीय निर्वाचनमा भाग लिँदै आएका भण्डारी २०७४ सालसम्म आइपुग्दा ३ पटक पराजित भए भने ५ पटक विजयी बने। राष्ट्रिय पञ्चायत निर्वाचन २०३८ र २०४३ बाहेक उनी हरेक पटक पार्टी परिवर्तन गरेर निर्वाचन लडेका देखिन्छ । भण्डारी २०५१ सालको मध्यावधि निर्वाचनमा स्वतन्त्र भएर समेत विजयी भएका थिए ।नेता भण्डारीले अहिलेसम्म ६ वटा दलहरूलाई प्रयोग गरेर सत्ताको स्वाद लिइसकेका छन्। यस निर्वाचन क्षेत्रमा भण्डारीको नवौं उम्मेदवारी हो। २०३८ देखि २०७४ सालसम्म्म आइपुग्दा दलहरूलाई प्रयोग गरेर मधेसको इतिहासमा नै सबैभन्दा बढी पटक मन्त्री हुने नेताका रूपमा पनि उनी दर्ज भएका छन्। उपप्रधानमन्त्रीसमेत बनिसकेका भण्डारी विभिन्न मन्त्री र राज्यमन्त्री गरी १५ पटक सरकारमा सामेल भएका छन् । २०७४ सालमा तत्कालीन राष्ट्रिय जनता पार्टीबाट निकटतम प्रतिद्वन्द्वीलाई झण्डै दोब्बर मत अर्थात् ३० हजार ७२२ मतले पछि पार्दै उनी विजयी भएका थिए। भण्डारीका प्रतिद्वन्द्वी अघिल्लो निर्वाचनमा भन्दा बढी छन्। सत्ता गठबन्धनइतरमा पनि जसपा र एमालेको गठबन्धन छ । उनका प्रतिस्पर्धी एमालेबाट डा. रामपरीक्षण यादव बलियो प्रतिस्पर्धीका रूपमा देखिएका छन्। त्यसो त मत काट्नकै लागि जनमत पार्टीबाट उमेश यादव वकिल, तराई-मधेस लोकतान्त्रिक पार्टीबाट डा. विजय सिंह पनि भण्डारीका चुनौती बनेका छन्।

स्थानीय तहमा प्राप्त नतिजालाई जोड-घटाउ गर्ने हो भने पनि नेता भण्डारीलाई पहिलेजस्तो सहज छैन यस पटक। यस क्षेत्रमा ४ वटा पालिका पर्छन्- बल्वा, महोत्तरी, लोहारपट्टी र पिपरा। महोत्तरी गाउँपालिकाको वडा नं.- ६ र पिपराको वडा- ६ बाहेक सबै वडाहरू यसै क्षेत्रमा पर्छन्। लोसपाले स्थानीय तहको निर्वाचनमा बल्वा नगरपालिकामा पालिका प्रमुख, वडा- ६, ८, ९ मा मात्र जित हासिल गरेको थियो। बल्वामा निकटतम प्रतिद्वन्द्वी जसपा छ। यता, महोत्तरीमा पालिका अध्यक्षमा तमलोपाले जितेको थियो तर वडामा भने लोसपाले वडा- १ र ६ मा मात्र जित्दा बहुमत भने तमलोपाको नै छ। वडा- ६ पनि यस क्षेत्रमा नपर्ने भएकाले नेता भण्डारीको मत उनको नियन्त्रणबाट निकै टाढा छ। महोत्तरी गाउँपालिकामा त अझ विशेषगरी दोस्रो पार्टी एमाले नै देखिएको हुनाले जसपा र एमालेका साझा उम्मेदवार डा. रामपरीक्षण यादवलाई थप सहयोग पुग्ने देखिन्छ । तमलोपाबाट डा. विजय सिंहसमेत प्रतिस्पर्धी हुनाले थप चुनौती थपिएको छ। बाँकी पालिकामा पनि लोसपाको स्पष्ट बहुमत भने छैन। लोहारपट्टीमा भने कांग्रेसले जितेको थियो। वडा-

बांकी पृष्ठ २ मा ।

## स्रोत नखुलेको २० लाख रुपैयाँ सहित २ पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ कार्तिक**

स्रोत नखुलेको २० लाख रुपैयाँ सहित प्रहरीले धनुषाबाट दुईजनालाई पक्राउ गरेको छ।



सुनसरीको ईनारुवा नगरपालिका ६ बस्ने २२ वर्षीय आशिष कामद र २७ वर्षीय बजरंग प्रसाद गुप्तालाई पक्राउ गरेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए। उनका अनुसार मंगलबार राति प्र-०१-०२-०४६ प.५६३१ नम्बरको मोटरसाईकलमा सबार भएर जाँदै गर्दा धनुषाको सबैला नगरपालिका १२ रघुनाथपुर स्थित नहरचोकमा चेकजाँच गर्ने क्रममा कालो रंगको झोला भित्र श्रोत नखुलेको २० लाख रुपैयाँ बरामद भएको हो । इलाका प्रहरी कार्यालय सबैलाबाट खटेको प्रहरीटोली दुवै जनालाई नगदसहित नियनत्रणमा लिई अनुसन्धान पश्चात आवश्यक कार्वाहीको लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान बिभाग काठमाण्डौमा बुझाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## थोरैमध्ये पर्छन एमालेका सचिव रघुवीर महासेठ र उनकी पत्नी जुली

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ कार्तिक**

२०६४ पछि राजनीतिमा पछाडि फर्केर हेर्नु नपरेका निकै थोरैमध्ये पर्छन, एमालेका सचिव रघुवीर महासेठ र उनकी पत्नी जुली महतो। यसपाला पनि धनुषा-३ र ४ मा २०७० को चुनावी दृश्य दोहोरिएको छ । त्यतिबेला पनि यी दुईमध्ये क्षेत्र नम्बर ४ बाट रघुवीर र ३ मा उनकी पत्नी जुली प्रतिनिधिसभाका लागि चुनावी मैदानमा उत्रिएका थिए ।



अहिले पनि यिनै दुई क्षेत्रमा यो दम्पती चुनावी प्रतिस्पर्धामा होमिएको छ । एकै घरमा दुई उम्मेदवार महासेठ दम्पतीको घर जनकपुर-९ ब्रम्हपुरीमा पर्छ । जुन दुवै निर्वाचन क्षेत्रको मध्यभागमा छ। त्यहीबाट उनीहरू बिहानै आ-आफ्नो क्षेत्रतिर चुनावी दौडमा लाग्छन्। घरदैलो सकेर अबेर राति फर्किन्छन्। सिंगो मधेस प्रदेशमा टिकटका आकांक्षीको विद्रोह र असन्तुष्टि सतहमा आइरहँदा महासेठ दम्पती भने विगतमा जस्तै यसपाला पनि पार्टीको पहिलो रोजाइमा परे। २०६४ को संविधानसभा चुनावमा रघुवीर धनुषाकै क्षेत्र नम्बर ५ बाट चुनावमा उठेका थिए। उनकी पत्नी जुली भने समानुपातिकमा छनोट भएकी थिइन। २०७० को चुनावमा पनि धनुषा ३ मा महासेठ र ४ मा जुली चुनावी मैदानमा उत्रिए। २०७४ को संसदीय चुनावमा रघुवीर धनुषा-४ बाटै चुनावी प्रतिस्पर्धामा देखिए भने जुली समानुपातिक उम्मेदवार बनिन । अहिले भने दम्पती नै प्रत्यक्ष चुनावमा होमिएका छन । मनोनयनअघि मधेसमा 'रातोकार्पेट ओछ्याएर' अन्य दलका नेता-कार्यकर्ता एमालेमा प्रवेश गराउने लहर चलेको थियो । मनोनयनका दिनपछि भने टिकट नपाएका आकांक्षी तितरबितर देखिन्छन ।

## डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

## चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकता भन्दा बढी उपभोग नगरौं ।
- खानेकुराहरु सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं ।
- मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरू
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# राजनीतिमा इमानको सौदाबाजी

*पदको सौदाबाजीले महत्व पाएको छ । चरम् सत्तामोहलाई प्रोत्साहित गरिएको छ । मंसिर ४ मा निर्धारित प्रतिनिधि/प्रदेशसभाको निर्वाचनका लागि उम्मेवारीका सन्दर्भमा केही नाटकीय परिदृश्यहरू देखिए। जब राजनीतिमा मूल्य, निष्ठा र त्यागको अवसान हुन्छ। तब समाजमा सत्तास्वार्थ, दाउपेच र महत्त्वाकांक्षाले शिर उठाउँछ। सत्ताभोगी र सत्ताकांक्षी पात्रहरूको व्यवहारले प्रवृत्तिको आकार ग्रहण गर्छ । त्यो राजनीतिक संस्कृतिकै रूपमा विकास हुन्छ । अहिलेको परिदृश्यले संसदीय राजनीतिमा पदको सौदाबाजीलाई अरू बढी महत्त्व दिएको छ। यसले दलीय राजनीतिमा देखिँदै आएको चरम् सत्तामोहलाई प्रोत्साहित मात्रै गरेको छैन ।*

*राजनीतिक आचरण, सिद्धान्त र निष्ठाको विषयलाई झनै पेचिलो बनाइदिएको छ । यो परिघटना नेपाली राजनीतिमा सबैभन्दा बलियो शक्तिको रूपमा रहेको नेकपा (एमाले) लाई कमजोर बनाउन केही वर्ष अघिदेखि चालिएको नियोजित योजनाहरूको पट्टाक्षेप हो। यी प्रत्येक घटनाहरू एकअर्कासँग प्रत्यक्ष, अप्रत्यक्ष जोडिन्छन् । तसर्थ, यिनीहरूलाई अलगअलग ढंगले नबुझी एमालेविरुद्धको सिलसिलाबद्ध आक्रमणको रूपमा लिइनु उपयुक्त हुन्छ । एमाले स्थायी कमिटी सदस्य घनश्याम भुसालले टिकट नपाएको भन्दै पार्टी परित्यागको घोषणा गरे । त्यस घटनालाई केहीले नेताहरूको सत्तामोह र शक्ति आर्जनको चाहनालाई जोडेर व्याख्या गरेका छन् ।*

*तसर्थ, निर्वाचनको मुखैमा एमाले परित्याग गर्नेहरूको लक्ष्य पदको सौदबाजी गर्नुमा मात्रै सीमित छैन। निर्वाचनपश्चात् अरू कसैको हितमा काम गर्ने कम्फर्टेबल सरकार बनाउने कुरामा प्रतिबद्ध हुने दायित्व पनि निर्वाह गर्नु पर्नेछ। सम्भवतः सत्ता शक्तिप्रति आशक्ति राख्ने तर पार्टीको सैद्धान्तिक राजनीतिबाट विचलित भएकाहरूले निर्वाचनपश्चात् बृहत् धक नमानी घनश्याम भुसाल र प्रभु साहहरूले पुनः कम्युनिस्ट सिद्धान्त, दर्शन र राजनीतिक आचरणका बारे कार्यकर्ताहरूलाई पाठ पढाउने छन् । तर वामपन्थी आन्दोलनमा त्यो अर्को भद्दा मजाकबाहेक केही हुने छैन ।*

*महोत्तरी क्षेत्र- २ मा.....*

१, २, ३, ४, ६ मा कांग्रेसले जित्दा लोसपाले भने वडा- ५ र ९ मात्र जितेको थियो । सत्ता गठबन्धनका साझा उम्मेदवार भएको हुनाले यस पालिकामा नेता भण्डारीलाई फाइदा नै पुग्ने देखिन्छ । तर, कांग्रसभित्रै किरण यादवले टिकट नपाएपछि एउटा समूहमा असन्तुष्टि चुलिँदै गएको छ। यसको प्रत्यक्ष असर भण्डारीलाई पर्ने देखिएको छ। यदि किरण यादवलाई मिलाएर कांग्रेसले गठबन्धनलाई सहयोग गरे नेता भण्डारीले फाइदा लिन सक्ने पालिका नै यही हो। पिपरामा भने एउटै वडा वडा- ६ यस क्षेत्रमा पर्छ। यो वडा भने लोसपाले नै जितेको छ तर पालिका अध्यक्षसहित धेरै वडा जसपाले जितेको हुनाले सत्ता गठबन्धनइतर गठबन्धनलाई फाइदा पुग्ने जानकारहरू बताउँछन्। सबै मतदाताहरूको सङ्ख्यालाई जोड-घटाउ गर्ने हो भने भण्डारी नै बलियो उम्मेदवार हुन्। यदि गठबन्धनभित्र असन्तुलन कायम रहे र साङ्गठनिक संरचनालाई मात्र आँकलन गरे भण्डारी पनि खतरा क्षेत्रमा रहेको विपक्षी दलहरूको आँकलन छ। त्यसो त नेकपा (एकीकृत समाजवादी)बाट मञ्जु यादव र जयनुल राइन गठबन्धनभित्रैबाट उम्मेदवार छन्। गठबन्धनको स्पष्ट निर्णय नआइरहेको अवस्थामा चुनावी प्रचारप्रसारमा समेत असर परेको छ। गठबन्धनका विरुद्ध उम्मेदवारी दिएका कतै लोसपा र कतै नेकपा एसले आ- आफैँ आधिकारिक भएको दाबी गरिरहेका छन्। त्यसैगरी भण्डारीलाई बागी उम्मेदवार बनेकाहरूले पनि चुनौती थपिएको छ। साविकका लोसपाका नेताहरू बागी भएर उठ्दा नेता भण्डारीलाई थप चुनौती थपिएको हो । राजपा र लोसपाका विभिन्न कमिटीमा बसेर काम गरिसकेका डा. सिंह पनि चुनावी मैदानमा छन् । अघिल्लो निर्वाचनमा भण्डारीसँगै प्रदेशसभामा निर्वाचित सुरिता साह अहिले बागी उम्मेदवार बनेकी छन्। प्रदेशसभामा बागी बनेकी साह सहित जानकीशरण साह र सत्ता गठबन्धनमा आवद्ध नेकपा एसकी निवर्तमान सांसद मञ्जु यादव थप चुनौती बनेका छन् । हुन त नेता भण्डारीले चुनावमा लडेका सबैलाई नै उतिकै प्रतिष्पर्धिको रूपमा लिएको बताउँछन्। उनले सबै उम्मेदवारहरू अहिले परिक्षामा बसेको र जनताले अब जसले राम्रो गरेको छ।


# सूचना




## नगराईन नगरपालिकाको कार्यालय, धनुषा

# सूचना

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नकोलागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
(चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

## हंसपुर नगरपालिकाको कार्यालय, धनुषा


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: अनावश्यक चिन्ता
सिंह: लामो यात्राको योग छ
कन्या: पिछडेको साथी मिल्ने
तुला: खानपानमा समस्या आउने
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


## प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतीय प्रधानमन्त्री मोदी र राष्ट्रसंघका महासचिव गुटेरेसद्वारा 'मिसन लाइफ' को शुभारम्भ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक




प्रधानमन्त्री नरेन्द्र मोदी र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बिहीबार गुजरातको एकता नगरमा मिसन लाइफ अभियानको शुभारम्भ गरेका छन् । प्रधानमन्त्री मोदीद्वारा परिकल्पना गरिएको मिसन लाइफ भारतको नेतृत्वमा विश्वव्यापी रूपमा व्यापक जनसहभागिता सहित वातावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको कार्यक्रम हो।

मिसन लाइफ कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तन का असर सम्बोधन गर्ने र दिगो विकास लक्ष्यहरूको प्रारम्भिक उपलब्धिहरू प्रदर्शन गर्नका लागि भारतको पहल महत्त्वपूर्ण हुने अपेक्षा राखिएको छ।

यसअघि प्रधानमन्त्री मोदीले संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेससँग द्विपक्षीय भेटवार्ता गरेका थिए। दुवैले केभाडियाको स्ट्याच्यु अफ युनिटीमा पुष्पहार अर्पण गरेका थिए। संयुक्त राष्ट्रसंघका महासचिव मिसन लाइफ (पर्यावरणका लागि जीवन शैली) पुस्तिका, लोगो र ट्यागलाइनको विमोचनमा प्रधानमन्त्री मोदीसँग सामेल भएका थिए।

# डलरको मूल्य हालसम्मकै उच्च, नेपाली मुद्राको भाउ अवमूल्यन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक




पछिल्लो समय अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दै गएको छ। नेपाल राष्ट्र बैंकले आजका लागि तय गरेको विनिमय दर अनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३२ रुपैयाँ ५४ पैसा छ भने बिक्रीदर एक सय ३३ रुपैयाँ १४ पैसा छ। केन्द्रीय बैंकले अघिल्लो दिन एक अमेरिकी डलरको खरिददर एक सय ३१ रुपैयाँ ४८ पैंसा र बिक्रीदर एक सय ३२ रुपैयाँ आठ पैसा तोकेको थियो।

त्यस्तै आज युरोको खरिद मूल्य एक सय २९ रुपैयाँ ६५ पैसा र बिक्री मूल्य एक सय ३० रुपैयाँ २४ पैसा रहेको छ। विश्व बजारमा अमेरिकी डलर बलियो भएसँगै नेपाली मुद्राको भाउ अवमूल्यन भएको हो। नेपाली मुद्राको भारतीय रुपैयासँग स्थिर विनिमयदर रहेको र अमेरिकी डलर बलियो बन्दा भारुको मूल्य खस्कने भएकाले त्यसको असर नेपाली मुद्रालाई पर्ने गरेको छ। पछिल्लो समय अमेरिकी डलरको मूल्यमा लगातार वृद्धि हुँदा विप्रेषण आय, पर्यटन क्षेत्रको आय तथा निर्यात व्यापारमा सकारात्मक प्रभाव रहन्छ। तर, नेपालको अर्थतन्त्रमा अमेरिकी डलर बलियो बन्दा त्यसको प्रभाव नकारात्मकसमेत पर्ने जानकारहरु बताउँछन्।

# सूचना




लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय, धनुषा


## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# केजीएफको व्यवसाय पछ्याउदै 'कान्तारा'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक



ऋषभ शेट्टी अभिनित फिल्म 'कान्तारा' ले दिन प्रतिदिन नयाँ रेकर्ड बनाइरहेकोछ। फिल्मले विश्वभर राम्रो व्यापार गरिरहेको छ। फिल्म कन्नड उद्योगको तेस्रो धेरै कमाउने फिल्मसमेत बन्न सफल भएको छ।

कमाईको हिसाबले कान्तारा कन्नड फिल्ममा केजीएफ र केजीएफ २ भन्दा मात्र पछाडि छ। रिलिज भएको २० दिनमा विश्वभर १७१.४१ करोड कमाएर कान्ताराले सबैलाई चकित बनाएको थियो। कान्ताराले कमाइको मामलामा कन्नड फिल्म उद्योगका ठूला फिल्मलाई समेत पछाडि पारेको छ। यसले विक्रान्त रोना, जेम्स र ७७७ चार्ली जस्ता फिल्मलाई पछाडि पारेको हो। आम्दानीको रफ्तार यहि गतिमा रहे आगामी दिनमा केजीएफको रेकर्ड समेत तोड्ने अनुमान गनर्ज सकिन्छ। कन्नड भाषामा फिल्म राम्रो भएपछि निर्माताले यसलाई अन्य भाषामा रिलिज गरेका थिए। जसको नतिजा निकै शानदार आइरहेको छ। फिल्मले हिन्दी भाषामा मात्र ४ दिनमा १० करोड कमाएको छ भने हिन्दी बाहेक तमिल र तेलुगुमा पनि फिल्म रिलिज भएको छ। अब यो फिल्म छिट्टै २०० करोड क्लबमा सामेल हुने अनुमान लगाइएको छ। ऋषभ शेट्टीको निर्देशनमा बनेको यो फिल्म सानो बजेटको बावजुद ठूलो व्यापार गर्न सफल भएको हो। भर्खरै फिल्म निर्देशक राम गोपाल वर्माले यो फिल्म हेर्दा धेरै ठूला फिल्म निर्माताको हराम हुने बताएका थिए।

# आर्मी टिम १७२ स्वर्ण पदक जित्दै च्याम्पियन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक



विभागीय टोली त्रिभुवन आर्मी क्लबले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सर्वाधिक १७२ स्वर्ण पदक जितेको छ। गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुदमा आर्मीले ११० रजत र ८९ कास्य गरी कुल ३७१ पदक जित्दै पहिलो भएको हो ।

दोस्रो स्थान एपिएफ एपिएफले ६४ स्वर्ण, ७३ रजत र ८१ कास्य गरी २१८ पदक हात पारेको छ। तेस्रो स्थानमा पनि विभागीय टोलीले नै आफ्नो स्थान बनाएको छ। नेपाल पुलिस क्लबले ६१ स्वर्ण, ६० रजत र ७३ कास्य गरी कुल १९४ पदक जित्यो । गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५७ कास्य गरी कुल १२० पदक हात पर्दै चौथो बनेको हो। पाँचौ बनेको बागमती प्रदेशले २४ स्वर्ण, ४७ रजत र ७४ कास्य गरी कुल १४५ पदक जित्यो । प्रदेश एक छैटौं स्थानमा रहँदै १० स्वर्ण, २३ रजत र ५० कास्य गरी कुल ८३ पदक जित्न सफल भयो ।

यता १० स्वर्ण, १० रजत र ४३ कास्य गरी कुल ६३ पदक जित्दै सुदूरपश्चिम सातौं स्थानमा भयो । एनआरएनए टिम आठौं स्थानमा रहँदै १० स्वर्ण, ९ रजत र ७ कास्य गरी कुल २६ पदक जित्न सफल भयो। लुम्बिनी प्रदेश ६ स्वर्ण, २२ रजत र ४० कास्य गरी कुल ६८ पदक जित्दै नवौं स्थानमा हुँदा दशौं स्थानको मधेश प्रदेशले ५ स्वर्ण, ८ रजत र २६ कास्य गरी कुल ३९ पदक जित्न सफल भयो । अन्तिम स्थानमा भएको कर्णाली प्रदेशले २ स्वर्ण, ४ रजत र १२ कास्य गरी कुल १८ पदक जित्यो ।

# सूचना




गौशाला नगरपालिकाको कार्यालय, महोत्तरी

# मुख्यमन्त्री-मन्त्री आफ्नो क्षेत्रमा कति सुरक्षित ?

-मधेस प्रदेशमा जनता समाजवादी पार्टीका नेता लालबाबु राउतको नेतृत्वमा माओवादी (केन्द्र) र नेकपा (एस) को सरकार छ। कांग्रेसका ३ मन्त्रीलाई भने शुक्रबार राउतले पदमुक्त गरेका छन्। हाल मुख्यमन्त्री राउतसहित तीन दलका ७ मन्त्री बहाल छन्। उनीहरू सबै चुनावी प्रतिस्पर्धामा छन।

मुख्यमन्त्री राउतले प्रदेशसभा निर्वाचनका लागि पुरानै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएका छन्। पर्साको निर्वाचन क्षेत्र नं. १(२) बाट प्रदेशसभा निर्वाचनका लागि मुख्यमन्त्री राउतले जसपा-एमाले गठबन्धनबाट उम्मेदवारी दिएका हुन्। सत्तारूढ गठबन्धनबाट कांग्रेसका जिल्ला उपसभापति रामनारायण कुर्मीले उक्त क्षेत्रबाट उम्मेदवारी दिएका छन्। कुर्मी यसअघि ०७४ को निर्वाचनमा पराजित भएका थिए। पर्साको १(१) बाट उम्मेदवारी दिएका कुर्मी तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीको गठबन्धनबाट उठेका जन्नत अन्सारीसँग पराजित भएका थिए। सत्तारुढ गठबन्धनमा यसपालि पर्सा क्षेत्र नम्बर १ (१) माओवादी केन्द्रको भागमा परेपछि कांग्रेसका कुर्मी १ (२) मा गएका हुन। उक्त क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टीका वीरगन्ज महानगर अध्यक्ष ओमप्रकाश सर्राफले बागी उम्मेदवारी दिएका छन्। ०७४ को निर्वाचनमासमेत सर्राफले टिकट नपाउँदा स्वतन्त्र उम्मेदवारी दिएका थिए।

०७४ को निर्वाचनमा मुख्यमन्त्री राउतले ९ हजार ८ सय ४ मत ल्याएर विजयी भएका थिए। निकटतम प्रतिस्पर्धी कांग्रेसका विजय सर्राफले ६ हजार ८ सय २९ मत ल्याएका थिए। उक्त निर्वाचन क्षेत्रमा लोसपाका अर्का नेता शशिकपुर मियाँले समेत स्वतन्त्रबाट उम्मेदवारी दिएका छन्। राजनीतिक जानकारका अनुसार स्वतन्त्र उम्मेदवारबाट खासै फरक नपरे पनि कांग्रेसका उम्मेदवार कुर्मी मुख्यमन्त्री राउतलाई चुनौती बन्ने भएका छन। उम्मेदवारी दर्ता गराएपछि मुख्यमन्त्री राउतका प्रतिद्वन्द्वीले प्रदेश सरकारको साइकल घोटाला, पोखरी सौन्दर्यकरणमा भएका अनियमितता, प्रदेशको राजधानी वीरगन्ज नबनाएको लगायतको मुद्दा उचालेका छन। राउतले आफ्नो सरकारको पालामा भएका दलित सवलिकरण, शिक्षा स्वास्थ्यमा गरिएको परिवर्तन, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेस विश्वविद्यालय, मधेस कृषि विश्वविद्यालय, बेटी पढाऊ बेटी बचाऊ, छोरी शिक्षा बिमा, महिलालाई ५० प्रतिशत आरक्षण, सहिद-घाइते राहत अनुदानलगायत काम देखाएर मत मागिरहेका छन।

मुख्यमन्त्री राउतले मधेस आन्दोलनको भावना बमोजिम भएको प्रदेशको नामकरणलाई ठूलो उपलब्धि बताएका छन्। 'जनताको साथ जुडेको छु, काम गरेको छु,' उनले भने, 'विश्वास छ, जनताले मलाई फेरि जिताउने छन।' प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विजय यादव सिरहाको क्षेत्र नं. २ (१) बाट उम्मेदवार बनेका छन। मुख्यमन्त्रीको दाउमा रहेका मन्त्री यादव जसपाकै नेता हुन्। मुख्यमन्त्री राउत र यादव पार्टीभित्रै प्रतिस्पर्धी छन्। मन्त्री यादवलाई पुरानै प्रतिस्पर्धी सत्ता गठबन्धनबाट माओवादी केन्द्रका जीवछ यादवले कडा टक्कर दिएका छन्। सिरहा २ (१) मा ५४ हजार ५ सय ३१ मतदाता छन। ती क्षेत्रमा नवराजपुर, औरही, बरियारपट्टी गाउँपालिका, अर्नामा गाउँपालिकाका २ वडा, सुखीपुर नगरपालिकाका २ वडा गरी कूल १९ वडा समेटिएका छन। स्थानीय तहको निर्वाचन परिणामलाई हेर्ने हो भने उक्त क्षेत्रमा कांग्रेस-माओवादी गठबन्धनले १४ हजार ५ सय ३२ मत पाएको थियो। जसपा-एमाले गठबन्धनले २७ हजार ३ सय ५० मत पाएको थियो। जसपा केन्द्रीय परिषद सदस्यसमेत रहेका राजलाल यादवले स्वतन्त्र उम्मेदवारी दिएपछि मन्त्री यादवलाई चुनौती थपिएको छ।

यस्तै, सिरहाकै क्षेत्र नम्बर ३ (२) बाट कानुन, न्याय तथा प्रदेशसभा मामिलामन्त्री प्रमोदकुमार यादव चुनावमा प्रतिस्पर्धारत छन्। उनलाई चुनाव जित्न पेचिलो बनेको छ। उनले जसपा-एमाले गठबन्धनका रेणु यादव र गठबन्धनको विरोध गर्दै कांग्रेसबाट उम्मेदवारी दिएका संजयकुमार यादवसँग प्रतिस्पर्धा गर्नु परेको छ। त्यसो त यस क्षेत्रमा एमालेबाट विद्रोह गरी गोपाल यादवले स्वतन्त्र उम्मेदवारी दिएका छन्। त्यस क्षेत्रमा ५६ हजार ५ सय ५७ मतदाता छन्। सिरहा नगरपालिकाका २२ वडा त्यस निर्वाचन क्षेत्रमा छन्। यहाँ स्थानीय तह निर्वाचनमा एमालेले ९ हजार ९ सय ६, कांग्रेसले ९ हजार ८६, जसपाले ७ हजार ७ सय ५६, नेकपा (एकीकृत समाजवादी) ले ५ हजार ८ सय ९७ र माओवादी केन्द्रले १ हजार ४ सय ६६ मत पाएका थिए। प्रदेश सरकारका दुई जना मन्त्री सप्तरीबाट चुनावी प्रतिस्पर्धामा छन।

प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह र सामाजिक विकास मन्त्री नवलकिशोर साह चुनावी मैदानमा उत्रिएका हुन। जसपाका अर्थमन्त्री साह सप्तरी क्षेत्र नम्बर १(१) र सामाजिक विकासमन्त्री साह क्षेत्र नम्बर २(२) बाट अघिल्लो निर्वाचनमा निर्वाचित भएका थिए। यो चुनावमा भने अर्थमन्त्री साह प्रदेशसभामै र सामाजिक विकासमन्त्री नवलकिशोर प्रतिनिधिसभाका उम्मेदबार बनेका हुन। गत निर्वाचनमा अर्थमन्त्री साह १० हजार ५ सय ७७ मत ल्याई विजयी भए। उनका निकटतम प्रतिद्वन्दी माओवादीका उम्मेदवार सरोजकुमार मण्डलले ७ हजार ५ सय ९३ मत प्राप्त गरेका थिए।

यसपटक पनि दुवै उम्मेदवार आमनेसामने छन। तर, गत निर्वाचनमा माओवादीबाट उम्मेदवार भएका मण्डल यसपटक लोकतान्त्रिक समाजवादी पार्टीबाट सत्ता गठबन्धनका उम्मेदवार हुन। सत्ता गठबन्धनको उम्मेदवार भएकाले मण्डलले जित्नेमा आशावादी रहेको बताए। प्रदेश सभाको यो क्षेत्रमा ३ मध्ये २ मा गत स्थानीय निर्वाचनमा लोसपाले जितेको थियो भने एउटामा नेपाली कांग्रेसले जित हात पारेको थियो। त्यसैले पनि अर्थमन्त्री साहलाई कडा चुनौती छ। साहलाई भावी मुख्यमन्त्रीको रूपमा पनि प्रचार गरिएको छ। पुराना प्रतिद्वन्द्वी मण्डल आमनेसामने रहँदा जनमत पार्टीवाट उम्मेदवारी दिएका तिलाठीकोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सतिशकुमार सिंहको उम्मेदवारीले यसक्षेत्रमा त्रिपक्षिय प्रतिस्पर्धा देखिन्छ। ५ वर्ष गाउपालिकाको अध्यक्ष रहेका सिंह गत वैशाखको स्थानीय तहको निर्वाचनमा लोसपावाट उम्मेदवार भई पराजित भएपनि मनोनयनको केही दिनअघि जनमत पार्टी प्रबेश गरेका थिए। प्रदेशका अर्का मन्त्री नवलकिशोर यसपटक जसपाबाट प्रतिनिधी सभाको उम्मेदवारमा उक्लिएका छन।

*साभार : कान्तिपुर।*





## कम्प्यूटर टाईप-प्रिन्ट

सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।

शहिदनगर नगरपालिकाको कार्यालय, धनुषा


## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं।


जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी


प्रकाशक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday